# नेपालगञ्ज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

फोन नं : 081-536338 कार्यालय
टोलफ्री नं : 1660 81 52052
फ्याक्स नं : 081-525109
इमेल nepalgunjmun@gmail.com
rojgaarsewakendranpj@gmail.com

प.स. २०८२/८३ (रोजगार सेवा केन्द्र)
च.नं २६९२

**श्रम संसार (Shramsansar) प्रणालीमा आबद्ध हुने सम्बन्धि सूचना ।**
**प्रकाशित मिति : २०८३-०१-०७ गते**

श्री निजी क्षेत्र/रोजगारदाता सबै,
श्री रोजगार एजेन्सी सबै,
श्री तालिम प्रदायक संस्था सबै।

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ५५, मिति २०८३/०१/०४ को प्राप्त पत्र यसै साथ संलग्न छ । सो सम्बन्धमा यस नेपालगञ्ज उपमहानगरपालिका क्षेत्र भित्र रहेका निजि क्षेत्र/रोजगारदाता, रोजगार एजेन्सी तथा तालिम प्रदायक संस्थाहरुले श्रम संसार प्रणाली मार्फत श्रम तथा रोजगार सम्बन्धी सुचना, रोजगारी तथा तालिमका अवसरहरु अनिवार्य प्रकाशन गर्ने व्यवस्था मिलाउन सात (७) दिन भित्र श्रम संसार प्रणाली (shramsansar.gov.np) मा आबद्ध हुन यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः श्रम संसारको वेबसाइट shramsansar.gov.np वा मोबाईलमा Play Store/App Store मार्फत डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि यस उपमहानगरपालिकाको रोजगार सेवा केन्द्रमा समेत सम्पर्क गर्न सकिनेछ ।

श्रम संसार वेबसाइट

श्रम संसार Mobile APP

२०८३/०१/०६
मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

नोटः पत्राचार गर्दा मिति, चलानी नं., पत्र संख्या अनिवार्य रुपमा उल्लेख गर्नु होला, धन्यवाद ।
"समृद्ध शहर, नगरवासीको रहर"

CamScanner

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सूचना प्रविधि तथा तथ्याङ्क शाखा

पत्र संख्या:- ०८२/८३

चलानी नं.:- ५५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०८३।०१।०५
नेपाल सम्वत: ११४६ चौलागा, आमै

श्री रोजगार सेवा केन्द्र, स्थानीय तह सबै।

**विषय: श्रम संसार प्रणालीमा आवद्ध गराउने सम्वन्धमा।**

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरुलाई 'श्रम संसार' मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसँग सम्बन्धित सरोकारवालाहरुलाई उक्त प्रणालीमा आवद्ध गर्न तहाँ स्थानीय तहमा रहेका सम्पूर्ण रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जत्र एजेन्सी तथा तालिम प्रदायकलाई श्रम संसारमा दर्ता गर्न आह्वान गर्ने र श्रम तथा रोजगार सम्बन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने व्यवस्था ७(सात) दिन भित्र मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८३।०१।०५
.......................
उत्तम शर्मा
शाखा अधिकृत